**झापा जिल्ला अदालतबाट**

**मिति : २०७७।३।१८ मा जारी**

**सूचना**

कोरोना भाइरस (कोभिड-१९) का कारण जारी भएको वन्दावन्दी (लकडाउन) को अवधिमा अदालतको काम कारवाही तथा सेवा प्रवाह सम्बन्धमा सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६/१२/७ लगायत विभिन्न मितिमा भएका निर्णयहरु तथा निर्देशन एंव परिपत्र बमोजिम बन्दीप्रत्यक्षीकरणको निवेदन, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारको निवेदन तथा बालसुधार गृहमा रहेका बालबालिका अभिभावकले जिम्मा लिने सम्बन्धी निवेदन उपर हुने कारवाही, पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जी समर्थन तथा अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), अभियोगपत्र दर्ता, बयान एंव थुनछेक आदेश गर्ने लगायतका काम कारवाही सुचारु भइरहेकोमा सर्वोच्च अदालतको च.नं १८९६ मिति २०७७/२/१६ को परिपत्र र यस झापा जिल्लामा कोरोना भाइरसको प्रकोपको अवस्थालाई समेत मध्यनजर गरी मिति २०७७/२/२८ गतेदेखि थप काम कारबाही एंव सेवाहरु सञ्चालन गर्ने गरी सूचना प्रकाशन गरी थप सेवा सञ्चालन गरिदै आएकोमा कोरोना भाइरस को प्रभाव तथा नागरिकको सरोकार समेतलाई मध्यनजर गरी झापा जिल्ला अदालत, बार इकाई समेत सँगको समन्वयमा मिति २०७७/३/२१ गते देखि यस अगाडि बन्दाबन्दीको अवधिमा सञ्चालन गरिदै आएका सेवाका अतिरिक्त देहाय बमोजिमका थप सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइएको हुँदा सम्बन्धित सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहाय</u>

१. बन्दाबन्दी हुनुभन्दा पहिला मुद्दा दायर भई प्रतिउत्तरपत्र दर्ता हुन बाँकी रहेका मुद्दामा मिलापत्र गर्ने प्रयोजनका लागि मिलापत्रसाथ उपस्थित भएमा प्रतिउत्तरपत्र दर्ता गरी मिलापत्र गराउने ।

२. अदालतमा भिडभाड कम हुने गरी निश्चित संख्यामा अधिकृत वारेसनामा प्रमाणित गर्ने।

३. बन्दाबन्दी हुनुभन्दा अगाडि मुद्दा दायर भई जग्गा रोक्का प्रयोजनका लागि परेका निवेदन उपर सुनुवाई गर्ने ।

४. मिलापत्र गरी विवाद समाधान गर्ने उद्देश्यले फिरादपत्र, प्रतिउत्तरपत्र र मिलापत्रको निवेदन समेत साथै राखी पक्षहरु उपस्थित भएमा मिलापत्र गराउन मिल्ने प्रकृतिका (सम्बन्ध विच्छेद) मुद्दाको फिरादपत्र प्रतिउत्तरपत्र र मिलापत्रको निवेदन दर्ता गरी मिलापत्र गर्ने गराउने।

५. उपरोक्त बाहेक अदालतको भौतिक अवस्था, कार्यवोझ र व्यवस्थापकीय पक्षलाई विचार गरी सरोकारवालहरुसंग समन्वय गरी आवश्यक र उपयुक्त देखिएका थप कामकारवाहीहरु एंव उच्च अदालत विराटनगरका मा.मु.न्या. ज्यू तथा इलाम इजलासका मुख्य भई काम गर्ने मा.न्या.ज्यूसंगको समन्वय र निर्देशनमा अन्य आवश्यक काम गर्ने ।

२०७७।३।१८

उप-सचिव